नेपाल सरकार

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(जनशक्ति योजना तथा विकास शाखा)

सिंहदरबार, काठमाडौं

(सूचना प्रकाशित मिति: २०७५/०५/०३)

च.नं. ९०१ सूचना नं. ३

**विषय : JDS छात्रवृत्तिमा आवेदन सम्बन्धी सूचना !**

निजामती सेवा ऐन,२०४९ दफा ४० ख (३) बमोजिम गठित समितिको मिति, २०७५/०४/२९ गते बसेको ३१६ औं बैठकले जापान सरकारद्वारा नेपाल सरकारका निजामती कर्मचारी (रा.प. श्रेणीका अधिकृतहरु) लाई JDS Priority Sector अन्तर्गतका 1) Economic Policy. 2) Industrial Development Policy. 3) Development Of Human Recourse and Administrative Capacity of Civil Servants. 4) Building of International Relations र 5) Improvement of Legal and Judicial System संग सम्बन्धित विषयहरु जापानका विश्वविद्यालयमा अध्ययन गर्न प्रदान गरिने The Project for Human Resource Development Scholarship by Japanese Grant Aid (JDS) छात्रवृत्तिमा आवेदन दिन सबै निकायलाई खुला गर्ने निर्णय गरेको हुँदा यस मन्त्रालय, मातहत निकाय र स्थानीय निकायमा कार्यरत (यस मन्त्रालयले संचालन गर्ने सेवा तर्फका निजामती कर्मचारीमात्र) देहायका योग्यता पुगेका रा.प. श्रेणीका अधिकृतहरुलाई आफ्नो सेवा/समूहसंग मिल्ने विषय अध्ययन गर्न छात्रवृत्तिमा प्रतिष्पर्धाका लागि आवेदन दिन तपसिलको विवरण खुलाई मिति ३१ भाद्र, २०७५ (तदनुसार १६ सेप्टेम्बर, २०१८) भित्र यस शाखामा आईपुग्ने गरि निवेदन दिन हुन अनुरोध छ ।

देहाय:

- Between 25 and 40 years old as of April 1st, 2019.
- Possess Bachelor's Degree
- At least 3 years of Civil service (at the time of application).
- Should be Gazetted official
- Good proficiency in English. (IELTS 5.5 with no sub band under 5)
- Good Health.
- Had not been awarded any foreign government scholarship for Master's degree in a foreign country
- For more details: jds.nepal1@jice.org

(मन्त्रालयको वेवसाईटमा मिति २०७५/०४/३० मा प्रकाशित, सूचना नं. २ अनुसारको सेमिनारबाट पनि विस्तृत जानकारी लिन सकिने)

तपसिल:

| नाम, थर | पद | सुरु नियुक्ति र हालको पदमा नियुक्ति मिति | हाल कार्यरत निकाय | सेवा | समूह/ उपसमूह | संकेत नं. | मोबाईल नं. | इमेल ठेगाना |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

पुनश्च: तोकिएको मिति पछि प्राप्त निवेदनउपर कुनै कारबाही हुने छैन ।

बोधार्थ: श्री सूचना तथा प्रविधि शाखा, स.मा.त.सा.प्र.मन्त्रालय। वेवसाइटमा अपलोड गरिदिन हुन ।

(किरण थापा)

शाखा अधिकृत

## छात्रवृत्ति समितिको ३१६औं बैठकका प्रस्ताव र निर्णय

नेपाल सरकारको नाममा राष्ट्रिय योजना आयोग र अन्य सरकारी निकायमा प्राप्त वैदेशिक लगायतका अध्ययन, तालिम र भ्रमण सम्बन्धि अवसर सबै सेवालाई समानुपातिक रुपले बाँडफाँड गर्न निजामती सेवा ऐन ,२०४९ दफा ४० ख, बमोजिम गठित समितिको आज मिति २०७५/०४/२९ गतेका दिन उक्त समितिका अध्यक्ष एवं नेपाल सरकारका मुख्यसचिव श्री लोकदर्शन रेग्मीज्यूको अध्यक्षतामा देहायका उपस्थितिमा बैठक बसी पेश गरिएको प्रस्तावहरु माथी छलफल गरि तपसिल बमोजिम निर्णयहरु गरियो ।।

उपस्थिति:

| | | | |
|---|---|---|---|
| मुख्य सचिव | श्री लोकदर्शन रेग्मी | नेपाल सरकार | अध्यक्ष |
| सचिव(राजस्व) | श्री शिशिर कुमार ढुंगाना | अर्थ मन्त्रालय | सदस्य |
| सचिव | श्री लक्ष्मण अर्याल | राष्ट्रिय योजना आयोग | सदस्य |
| सचिव | श्री राजीव गौतम | कानून न्याय तथा संसदीय मामिला मन्त्रालय | सदस्य |
| सचिव | श्री दिनेश कुमार थपलिया | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सदस्य-सचिव |

निर्णयहरु:

निर्णयः विभिन्न मित्रराष्ट्र एवं विकास साझेदारहरुबाट प्राप्त वैदेशिक तालीम/छात्रवृत्तीका अवसरहरुको बाँडफाँड देहाय बमोजिम गर्ने निर्णय गरियो ।।

| क. सं. | अध्ययन/ तालीमको विषय | सिट संख्या | अध्ययन/ तालीम | अवधि | कार्यक्रम हुने देश | फाराम बुझाउने अन्तिम मिति | छात्रवृत्ति प्रदान गर्ने मुलुक/ संस्था | ब्रोसियर अनुसार आवश्यक योग्यता वा अन्य प्रासंगिक विषय | छात्रवृत्ति वितरण गर्न प्रस्तावित निकाय र निर्णयको व्यहोरा |
|---|---|---|---|---|---|---|---|---|---|
| I. | "Int'l Training Program on Management Systems" [Ref: KAT/EDU/233/3/2018] | not stated | Training | September 10, 2018 - October 05, 2018 (26 days) | ITEC /India | | National Institute of Training for standardization, Noida(India) | - Graduates in engineering or Technology or in any discipline.<br>- Good health.<br>- Competent in English.<br>- Age group 25-45 years. | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान र स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान बाट मनोनयन गर्ने । |